कोशी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

विराटनगर, नेपाल


प.सं. :- ०८२/८३

च.नं. :- शा.सु.ई./२४९५ मिति :- वि.सं. २०८३/०२/१२

नेे.स. :- ११४६ अनलाथ्व:,१० मङ्गलवार

विषय: नामावली र सम्पत्ति विवरण उपलब्ध गराइ दिने सम्बन्धमा।

श्री मन्त्रालय,आयोग,सचिवालय — सबै

श्री प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, कलवलगुरी ,झापा ।

श्री प्रदेश लगानी प्राधिकरण, कोशी प्रदेश

सम्पत्ति छानबिन आयोग, २०८३ को च.नं. ५६, मिति २०८३/०२/०८ को **नामावली र सम्पत्ति विवरण उपलब्ध गराइदिने बिषयको** पत्र यसैसाथ संलग्न राखि पठाइएको छ। बेहोरा सोही पत्रबाट अवगत गर्नु भई पत्रमा उल्लिखित पदाधिकारी तथा कर्मचारीहरुको नाम, थर, वतन, मोवाइल नं., इमेल ठेगाना सहितको **विवरण यथासिघ्र छिटो यस कार्यालयमा उपलब्ध गराइदिनु** हुन र पत्रमा उल्लिखित पदाधिकारी तथा कर्मचारीहरु **हालसम्म बहालमा रहनु भएको भए** आयोगको वेबसाइट pic.gov.np बाट सम्पत्ति विवरण फारम प्राप्त गरी **सम्पत्ति विवरण भरी भराई २०८३ जेठ मसान्तभित्र** आयोगमा पठाउने व्यवस्थाका लागि आदेशानुसार अनुरोध छ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Madan Khanal
khanalmadan.370@gmail.com

(मदन खनाल)

शाखा अधिकृत

बोधार्थ:

श्री सम्पत्ति छानबिन आयोग, २०८३

श्री विद्युतिय शासन ईकाई ।

(वेबसाइटमा सूचना प्रकाशनको लागि।)

# सम्पत्ति छानबिन आयोग

२०८३

बबरमहल, काठमाडौं
नेपाल ।

प.सं. ०८२।८३
च.नं.: ८६

मितिः२०८३/०२/०८ गते
नेपाल सम्वत् ११४६

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
(सबै प्रदेश)

विषयः <u>नामावली र सम्पत्ति विवरण उपलब्ध गराइदिने सम्बन्धमा</u>।

उपरोक्त सम्वन्धमा नेपाल सरकारवाट यस आयोगलाई प्राप्त भएको कार्यसम्पादन शर्त बमोजिम तहाँ प्रदेश स्थापना भएदेखि २०८२ चैत्र मसान्तसम्म सार्वजनिक जवाफदेहीको देहायको पदमा निर्वाचित/मनोनित/नियुक्त भई कार्य गरेका (विगत र हाल निर्वाचित र मनोनित समेत र आ.व.२०४८ अगाडि सेवा प्रवेश गरी २०६३ साल पछि अवकाश भएका कर्मचारीहरूको हकमासमेत) सम्पत्ति विवरण सङ्कलन, छानबिन र प्रतिवेदन गर्ने प्रयोजनका लागि पदाधिकारीहरू/कर्मचारीहरूको नाम, थर, वतन, मोबाइल नं., इमेल ठेगाना सहितको एकमुष्ट सख्यासमेत खुलाई सो विवरण यथासिघ्र छिटो यस आयोगको इमेल ठेगाना **info@pic.gov.np** मा सफ्टकपिसमेत उपलब्ध गराई दिनुहुन र ती पदाधिकारीहरू/कर्मचारीहरू हालसम्म बहालमा रहनुभएको भए तहाँवाट नै सम्पत्ति विवरण भरी/भराई २०८३ जेष्ठ मसान्तभित्र यस आयोगमा आईपुग्ने गरी पठाउन समन्वय गरी आवश्यक सहयोग गरिदिनु हुन आयोगको निर्णयानुसार अनुरोध छ। सम्पत्ति विवरण फाराम यस आयोगको वेवसाइट **pic.gov.np** बाट डाउनलोड गर्न सकिनेछ ।

१. तहाँ प्रदेशका मुख्य मन्त्री, मन्त्री, राज्यमन्त्री, सहायक मन्त्री, प्रदेशस्थित संवैधानिक निकायका प्रमुख तथा सदस्य, मुख्य न्यायाधिवक्ता र प्रदेश सरकार एवं अन्तर्गतका मन्त्रालयहरूवाट पारिश्रमिक वा सुविधा लिने वा नलिने गरी नियुक्त भई कार्य गरेका सल्लाहकार, स्वकीय सचिव, निजी सचिव वा यस्तै पदाधिकारी ।
२. पूर्व प्रदेश सांसद र हाल कार्यरत प्रदेश सांसदहरूसमेत ।
३. प्रचलित कानूनवमोजिम स्थापित प्रदेश सरकारका आयोग, प्रतिष्ठान, प्राधिकरण, बोर्ड, केन्द्र आदिका रा.प.प्रथम श्रेणी वा सो सरह र सो भन्दा माथिको कर्मचारी।
४. तहाँ प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्वमा सार्वजनिक संस्थान रहेका भए त्यस्ता निकायमा कार्यरत रा.प.प्रथम श्रेणी वा सो सरह र सो भन्दा माथिको कर्मचारी।
५. विगतमा कार्यालय प्रमुखको जिम्मेवारी सम्हाली हाल प्रदेशका मन्त्रालयहरू तथा अन्तर्गतका कार्यालय/निकाय, प्रदेश सभा सचिवालयमा कार्यरत रहेका रा.प. द्वितीय श्रेणीका अधिकृतहरू।

(राजिव रिमाल)
शाखा अधिकृत